सशक्त लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

खबर

## होटल बिक्रिमा




गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्क -९८४२९९४३३०

■ बर्ष-१५, ▶▶ अंक ३९२ भदौ ४ शुक्रबार,२०७८, August- 20 Friday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

# ३ वटा सडक कालोपत्रे हुँदै

❖ मुलुकी संवाददाता

*गाईघाट, साउन ३*

त्रियुगा नगरपालिका उदयपुरको तीन वटा सडक कालोपत्रे हुने भएको छ। नगर पालिकाको वडा नम्बर १० बोक्सेको राधाकृष्ण मन्दिरदेखि जिल्ला प्रहरि कार्यालय उदयपुर को परिसर हुँदै जिल्ला अस्पताल जाने सडकसम्म कालोपत्रे हुने भएको हो ।

हिमशिखर सप्लायर्स हुँदै श्रमिकपार्क गेट राधाकृष्ण मन्दिरसम्म यस अघि नै कालोपत्रे भइसकेको छ । उक्त सडकमा यो पटक पनि मर्मत सम्भारको हुनेछ । ती बाहेक त्रियुगा नगर पालिकाको वडा नम्बर ११ गाइघाट बजारको लोकतान्त्रिक पिपलचोकदेखि सङ्गमटोल, शिबालय टोल, ढिम्की, सिमलटार हुँदै सगरमाथा लोकमार्ग बरुवा खोलाको पुल सम्म कालोपत्रे हुदैछ । यी दुई बाहेक अर्को नगर



पालिकाको वडा नम्बर १२ डियमगेटदेखि लछिमपुर जाने सडकको पुरानो गाइघाटको फुलचोक, बरपिपल मन्दिरसम्म कालोपत्रे हुदैछ ।

तिनवटा सडकहरुमा यो बर्ष हुने कामको लागि र ाधाकृष्ण मन्दिरदेखि अस्पताल गेट सम्मको सडक कालोपत्रेको काम हुने भएको हो। नगरपालिकाले यसअघि पनि गाइघाट बजारको विभिन्न स्थानमा यस अघि पनि सडक कालोपत्रे गर्ने काम भएको थियो । सडक मर्मत सम्भारको लागि काम भएको भए पनि गुणस्तरहिन काम भएको कारण आगामी कातिक मसान्तसम्मको लागि सो सडक मर्मत सम्भारको लागि समय थप गरिएको छ ।

गाइघाट बजारको टेम्पोचोकदेखि नगरपालिका गेट हुँदै बैङ्क लाइन, बिधुत मार्गहुफै लोकतान्त्रिक पिपल चोकसम्म कालोपत्रे पुन मर्मत सम्भार गर्ने भएको हो । ती बाहेक हिमाली टोल, पुरानो गाइघाट चोकदेखि मेयर बलदेब चोउधरिको घर हुँदै फुलचोक पुरानोगाइघाट बर पिपलसम्म सडक मर्मत सम्भार हुने भएको हो ।

# उदयपुरगढीमा बिप्लव नेकपाको भेला

❖ मुलुकी संवाददाता

*उदयपुरगढी, साउन ३*

नेत्रविक्रम चन्द ( बिप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को गाउँ भेला तथा प्रशिक्षण कार्यक्रम बिहीबार उदयपुरगढीमा सम्पन्न भएको छ । जिल्लाको पुरानो सदरमुकाम तथा ऐतिहासिकस्थल उदयपुरगढीमा सम्पन्न भेला गाउँ सेक्रेटरी जितबहादुर पुलामी मगरको अध्यक्षतामा भएको हो ।

'शान्ति, स्वाधीनता र समृद्धिका लागि संयुक्त प्रगतिशील सरकार, जनमत सङ्गह र वैज्ञानिक समाजबाद पार्टीको आधार' भन्ने नाराका साथ आयोजित भेलामा



प्रमुख अतिथि जिल्ला सेक्रेटरी लक्ष्मण पौड्यालले नेपाली राजनीतिमा उदयपुरगढीको महत्वपूर्ण भुमिका रहेको इतिहास स्मरण गर्दै फेरि एकपटक त्यो बिरासत कायम गर्न नयाँ ढंगले एकताबद्ध हुनुपर्ने आवश्यकता औंल्याए । नेपालमा भएको पटकपटकको संघर्षबाट प्राप्त उपलब्धि नेताहरुको स्वार्थका कारण रद्दीको टोकरीमा फालिएको बताउँदै उनले क्रान्ति अधुरो रहेकाले त्यसलाई पुरा गर्नु आवश्यक रहेको बताए । प्रचण्ड र बाबुराममले वर्गसंघर्षमार्फत

*बाकी ३ पेजमा-*

## मुलुकी दैनिक को पाठकहरुको लागि जरुरी सुचना

मुलुकी दैनिक पत्रिकाको पाठकहरुको लागि अत्यन्तै जरुरी सुचना। तपाईहरुले २०७८ साल बैशाख ८ गतेदेखिको पत्रिकाको ग्राहक शुल्क पैसा तिर्न बाँकी रहेकोले ९८४२९८५१८८ मा सम्पर्क गरिदिनुहोला।

# गाईघाट बजारमा पार्किङ ब्यबस्थित हुँदै

❖ बुद्धि कुमार राई

*गाईघाट, भदौ ३*

उदयपुर जिल्लाको सदरमुकाम गाइघाट बजारमा जथाभाबी रुपमा सडकमा मोटरसाइक्ल पार्किङ गर्ने चलनमा सुधार आएको छ ।

त्रिनपा ११ गाइघाट बजार घर भएका महेश पोउडेल एक महिना अघि उनी मोटरसाइक कहाँ पार्किङ गर्ने भनेर ख्याल गदैनथे। दुई हप्ता भयो महेशलाई अहिले गाइघाट बजारमा मोटरसाइकल पार्किङ गर्ने ठाउँ निक्योल गरेर मात्र पार्किङ गर्छन ।

उनी मात्र होइन गाइघाटका प्रभु राई रमेश पाण्डे, दिनेश श्रेष्ठ, एकराज बस्नेत पनि सडकमा मोटरसाइकल पार्किङ गर्नुअघि सोचेर मात्र पार्किङ गर्छन । ती मात्र होइन अहिले पछिल्लो समय गाइघाट बजारको मेनचोकदेखि लोकतान्त्रिक पिपलचोकसम्म सडकको दुबै



किनारामा मिलायर मोटरसाइकल पार्किङ गरेको पाइन्छ ।यी बाहेक गाइघाटको बैङ्कलाइन,बिधुत मार्ग, जिके पुस्तक पसल हुँदै त्रियुगा नगर पालिकाको वडा नम्बर ११ को वडा कार्यालय जाने सडकको किनारमा मोटरसाइकल पार्किङ ब्यबस्थित भएको छ । अहिले उदयपुरको गाइघाट बजारको सडकपेटि ब्यबस्थित भएको छ भने गाइघाटबासीको सोचमा परिबर्तन आएको छ । गाइघाटबासीहरु अहिले सडकपेटिमा बेच्न राखेको तरकारी किनेर खादैनन ।

गाइघाटबासीहरु अहिले भन्छन ठिक ठाउमा बेच्न राखेको चिज मात्र किनेर खाने सोच बनाएका छन ।गाइघाटबासीका नागरिकहरुमा अहिले बजारमा ब्यबस्थित बनेको कारण बजारको बिकास भएको छ।



## सम्पादकीय

# त्रियुगा नगर प्रहरीको कामको मुल्याङ्कन

उदयपुर जिल्लाको सदरमुकामम गाईघाटमा रहेको त्रियुगा नगरपालिका अहिले चर्चामा छ त सडकपेटी सरसफाईको विषयले चर्चित बनेको छ। त्रियुगा नगरपालिकाका नगर प्रहरीको भुमिकाले नै अहिले गाईघाट बजारमा सर्बसाधरणले सडकपेटीमा खुल्ला भएर हिड्न पाएका छन्। गाईघाट बजारका स्थानीय बासिन्दाको मानसिकतामा सकरात्मक सन्देश गएको छ। जिल्ला ट्राफिक प्रहरी, जिल्ला प्रहरी कार्यालय उदयपुरको मातहतको गाईघाट बजारलाई हेर्ने प्रहरीको पनि उतिकै महत्वपूर्ण योगदान रहेको छ।

अहिले गाईघाट बजारको सडकपेटीमा मोटरसाईकल राखेको पाईएमा ट्राफिक प्रहरीले पाँच सयदेखि १५ सयसम्म जरिवाना काट्छ भने सडकपेटीको मोटरसाईक्लमा लक लगाउने पनि चलन छ। गाईघाटको बिकासमा सकरात्मक सोच बिकासमा सबैको महत्वपूर्ण परिवर्तन हुँदैछ। त्रियुगा नगरपालिकाले नगरपालिकाको कामको लागि नियुक्त गरेको १२ जना नगर प्रहरीलाई अहिले काम गर्न भ्याई नभ्याई छ। सडकपेटी सरसफाईमा नगर प्रहरी सफल भए पनि सडकपेटीमा ब्यापार गर्ने फुटपात तरकारी ब्यापारीहरुले चुनौती दिईरहेका छन्। गाईघाट बजारको हिमाली टोलस्थित सडकपेटी बेलुकी ६ बजेदेखि ठप्प हुने गरी राख्नेगर्दछन्। त्यस्तै जिके पुस्तक पसल र सिताराम कार्कीको घरको पेटीमा फलफुल ब्यापारीहरुले चल्नु चटपटाउनु दिदैन। यसको लागि त्रियुगा नगरपालिकाको नगर प्रहरीले आफ्नो बिशेष अभियान चलाउनु जरुरी छ। त्यसको लागि नगर प्रहरीले सडकपेटी या सिताराम कार्कीको घर अगाडी पेटीमा सामान राख्नु अगाडी नै त्यो ठाउँमा नगर प्रहरीलाई एक एक जना खटाईदिनुपर्दछ।

जुन ठाउँमा संभाबित सडकपेटी हस्तक्षेप गर्ने किसिमको ठाउँहरु पहिचान गरेर नगर प्रहरी परिचालन हुनुपर्दछ। यसको लागि त्रियुगा नगरपालिकाले नगरप्रहरीको ड्युटी समय बेलुकी ७ बजेसम्म राख्नुपर्दछ। ति बाहेक पनि नगर प्रहरीलाई शनिबार सबैलाई बिदा नदिईकन पालो सिस्टममा बिदा दिनुपर्दछ। अर्को मुख्य कुरा भनेको सडकपेटीमा राखिएको निर्माण सामाग्री तुरुन्त नगर प्रहरीले उठाउनु सक्नुपर्दछ। नगर प्रहरीको कुरा नसुन्ने त्यस्ता निर्माण सामाग्री राख्ने ब्याक्तिहरुको सामान नगरपालिकाले तुरुन्त आज, अहिलेनै उठाउन सक्नुपर्दछ। नगर प्रहरीले पटक-पटक अनुरोध गर्दा पनि नहटाउने ब्यापारीहको, घरपेटीहरु सडकपेटी अबरुद्ध गर्ने मिचाहाहरु हुन उनीहरुलाई कडा कारबाही तथा जरिवाना गर्नुपर्दछ।

# सरकारी गाडी क कस्ले चलाउने

❖ मुलुकी संवाद्दाता

*उदयपुर,भदौ ३*

उदयपुर जिल्लामा संचालित सबै सरकारी निकायहरु स्थानीय तह समेत मा रहेका सवारि साधनहरुको सधालनलाई सुरक्षित .मितव्ययी एवम व्यवस्थित गर्न जिल्ला प्रशासन कार्यालय उदयपुरबाट यो कार्यविधि तयार गरि लागु गरिएको छ।

*कार्यालयमा कामको सिलसिलामा मात्र सरबारि सवारि साधनको प्रयोग गर्नुपर्नैछ ।कार्यालयको अत्यावश्यक काम बिना कार्यालय समयमा र अगाडि पछाडि समेत सामान्यत. सरकारी सवारी साधन प्रयोग गरीने छैन ।*

सवारी साधन सधालन अनुमति सम्वन्धी व्यवस्था १ सवारि साधन सधालन अनुमति प्रक्रिया जिल्लाभित्रका सबै सरकारि कार्यालयहरु स्थानीय तह समेतले अनुसूची १ बमोजिमको विवरण जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराउनुपर्नेछ।

कार्यालयमा कामको सिलसिलामा मात्र सरबारि सवारि साधनको प्रयोग गर्नुपर्नैछ।कार्यालयको अत्यावश्यक काम बिना कार्यालय समयमा र अगाडि पछाडि समेत सामान्यत. सरकारी सवारी साधन प्रयोग गरीने छैन। सवारि साधन प्रयोगसम्बन्धी लगबुक सबै निकार्यले अनिवार्य रुपमा राखुपर्ने छैन।

कार्यालय प्रमुखबाट लगावुक प्रमाणित गरेर मात्र सवारी साधन सचालन गर्नुपर्नेछ। सामान्यत. सार्वजनिक बिदाबा दिन सरकारि सवारी साधन सचालन गरीने छैन।

कार्यसम्पादनको सिलसिलामा बिदाका दिनामा समेतसवारि साधन सचालन गर्नुपर्नै अवस्थामा प्रमुख जिल्ला अधिकारिबाट अनिवार्य रुपमा अनुवार्य रुपमा अनुसूची (२ क बमोजिम सवारि साधन नसचालन अनुपर्नै लिनुपर्नेछ ।जिल्लाभित्र सवरि साधन सचालन गर्नुपर्ने अवस्थामा सचालन अनुमति आवस्यक पर्ने छैन

तर सवारि साधन सचालन गर्नुपर्ने कारणसहित प्रमुख जिल्ला अधिकारलाई अग्रिम जानकारी गराउर्नूपर्नेछ।

# एमाले बिभाजनको असर १ नं प्रदेशको मुख्यमन्त्री राई अल्पमतमा

❖ मुलुकी संवाद्दाता



नेकपा एमाले बिभाजनको असर प्रदेश नं १ मा पनि परेको छ। माधव नेपाल समूहले निर्वाचन आयोगमा अर्को पार्टी नेकपा एमाले समाजवादी पार्टी दर्ता गराउने भए सँगै प्रदेश १ मा राई नेतृत्वको सरकार अल्पमतमा परेको हो।

एमाले नेतृत्वको एकल सरकारको रुपमा रहेको शेर धन राई नेतृत्वको सरकार माधव समूह नेतृत्वले अर्को पार्टी खोल्ने भए सँगै हाल नेतृत्व रहेको प्रदेश नं १ को सरकार कम्जोरी देखिएको छ।

प्रदेश नं १ मा एमाले विभाजनको असरले प्रदेशसभामा शेरधन राई नेतृत्वको सरकारलेबहुमत गुमाउने निश्चित देखिएको छ। हाल प्रदेश १ प्रदेशसभामा सत्तारुढ नेकपा एमालेका ५१ सांसद छन्। कुल ९३ प्रदेशसभा सदस्य कायम रहेको प्रदेशसभामा प्रस्ट बहुमतका लागि कम्तीमा पनि ४७ सांसद आवश्यक हुन्छ। तर, माधवकुमार नेपाल नेतृत्वको पार्टीमा एमालेका ५१ मध्ये १५ सांसद सामेल भएका छन्। योसँगै एमालेमा अब ३६ सांसदमात्र सीमित रहनेछन्। एमालेलाई बहुमतका लागि थप ११ सांसद आवश्यक हुने देखिन्छ। विद्यमान समीकरणमा एमालेलाई बहुमतको अंक गणित जुटाउन निकै कठिन देखिन्छ।

माधवकुमार नेपाल पक्षको राम्रो पकड रहेको प्रदेश १ मा एमाले विभाजनसँगै मुख्यमन्त्री राई नेतृत्वको सरकारको विकल्प खोज्ने प्रक्रिया थालिने विपक्षी गठबन्धनका नेताहरु बताउँछन्।

एमाले विभाजनपछि प्रदेश सभामा एमालेका ३६, काँग्रेसका २१, माओवादी केन्द्रका उपसभामुखसहित १५, नवगठित एमाले समाजवादीका १५, राष्ट्रिय समाजवादी पार्टीका ३, राप्रपा र संघीय लोकतान्त्रिक मञ्चको १/१ जना सांसद छन्।


# बिके किराना पसल



३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा समर्षित। गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल। गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर।

**प्रोपाइटर - भरत चामलिङ राई**

# सगरमाथा डिपाटमेन्ट स्टोर

## गाईघाट, उदयपुर

सबै घरायसी दैनिक उपभोग्य सामानहरु, लुगा कपडाहरु, विद्युतीय सामानहरु गाईघाटमा एकै ठाउँमा पाईने सगरमाथा डिपाटमेन्ट स्टोर, गाईघाट लोकतान्त्रिक पिपलचोक, उदयपुर




प्रोपाइटर - किरण चामलिङ राई

# उदयपुर ....

संसदीय व्यवस्थाको अन्त्यका लागि जनतालाई जनयुद्धमा होमेर १७ हजार जनताको बलिदानी गराए पनि जुन बर्ग र सत्ताको विरुद्ध लडाइ थियो, उनीहरुसँगै घाँटी जोड्न पुगेको आरोप पौड्यालले लगाए ।

सोही कारणले क्रान्ति अपुरो र अधुरो रहेकाले अहिले सम्पुर्ण हिसाबले संसदीय पुँजीवादी व्यबस्था फेल भएको पुष्टि भएको भन्दै उनले अब त्यसको बिकल्पमा



अनिवार्यरुपमा बैज्ञानिक समाजबादमा जानुपर्ने र त्यो दिशामा समग्र जनता लाग्नुपर्नेमा जोड दिए ।

भेलाले सेक्रेटरी मगरको संयोजकत्वमा उदयपुरगढी गाउँ कमिटीको पनि गठन भएको जिल्ला कार्यालय सचिव दुर्गा तामाङले बताए । अन्तमा पार्टीले सरकारसँग गरेको तीनबुँदे सहमतिपछि खुल्ला परिवेशमा आएपछि संगठन बिस्तार र निर्माणमा जुटेको निश्कर्ष भेलाले निकालेको छ । तर, केही राजनीतिक दल र तिनका नेता कार्यकर्ताले नेपाल कम्युनिस्ट पार्टीप्रति भ्रम सिर्जना गर्दै हिडेको पाइएको भन्दै त्यसप्रति कोही भ्रममा नपर्न आग्रह गर्दै भ्रम सिर्जना गर्नेलाई यस्तो हर्कत नगर्न सेक्रेटरी पौड्यालले सचेत गराएका थिए ।





# Admission Open

भर्ना खुल्यो ॥।
भर्ना अवधी : श्रावण २५ गतेदेखि भाद्र ६ गतेसम्म ।
अभिमुखिकरण(Orientation):भाद्र -७ गते बिहान -७ बजे
कक्षा सन्चालन: भाद्र -९ गतेबाट ।
सम्पर्क समय : बिहान ७ बजेदेखि १० बजेसम्म
सम्पर्क न - 9852844003÷9807787309 9852835146÷9807766136
कक्षा ११ मा सिट सिमित छ। चाडैं भर्ना गर्नुहोला ।हाललाइ भर्ना गर्दा अन्लाईन SEE को Gradesheet लिएर आउनुहोला









प्रोपाईटर – प्रविण बस्नेत
होमडेलिभरीको लागि
सम्पर्क – ९८४४०५०२७५



| | |
|---|---|
| चिकेन मःमः............... | १०० |
| चिकेन फ्राई मःमः ...... | .१२० |
| चिकेन सी मःम............ | १५० |
| चिकेन चाउमिन ......... | ..१५० |
| अण्डा चाउमिन............ | ..१०० |
| भेज चाउमिन.............. | ७० |
| भटमास चिउरा सादेको.. | .६० |
| चिकेन रोष्ट................... | ९० |
| चिकेन रोष्ट खाजा सेट.. | १५० |
| चिकेन सादेको................. | ३०० |
| चिकेन चिल्लि ................ | ३०० |
| चिकेन पकौडा.................. | ३०० |
| चिकेन फ्राई.................. .. | २०० |
| भेज पकौडा..................... | १०० |
| मटन पक्कु......................... | ४०० |
| पक्कु खाजा सेट ............ | ४३० |
| मटन भुटन....................... | ३०० |
| मटन भुटन खाजा सेट.... | ३३० |
| कोल्ड्रिंस पर ग्लास........ | .५० |
| हुक्का पर फेस.............. | ३०० |




# सानुमाया फर्निचर उद्योग







प्रोपाईटर
कैलाश खत्री

सानुमाया फर्निचर उद्योग
त्रियुगा नगरपालिका ११, गाईघाट, उदयपुर। सम्पर्क – ९८४२९८५१८८

# ११ औं फिफा बिच कर सुरु

❖ बिबेक राई

*गाईघाट, भदौ ३*

फिफा बिच् सकर वर्ल्ड कपको ११ औं संस्करण रुसमा बिहिबारबाट सुरु भएको छ। फुटबलकै अर्को रुप अर्थात समुद्र तट किनार वा बालुवामाथि बगरमा खेलिने फुटबलको विश्वकप रुसमा सुरु भएको हो। साधारण फुटबल खेलभन्दा धेरै नियमहरुले फरक समुद्र तट फुटबलमा १२ मिनेटको तीन भाग गरि जम्मा ३६ मिनेटको खेल खेलाइन्छ। तर यस खेलमा साधारण फुटबल खेलभन्दा धेरै गोलहरु निस्किने गर्दछ। त्यसैको परिणामस्वरुप उद्घाटन खेलमा जापान पाराग्वेमाथि ७-४ को फराकिलो जीत हातपार्न सफल भयो।

बिहिबार साँझ ७:१५ बजेदेखि सुरु भएको खेलमा जीत हातपारेसँगै जापान तीन अंक बटुल्न सफल भयो। तर खेलमा अग्रता भने पाराग्वेले लिएको थियो। सिक्सटो क्यानटेरोले १० औं मिनेटमा गोल गरेपछि पाराग्वे खेलमा अग्रता लिन सफल भएको थियो। त्यसपछि नेस्टर मेडिनाले दुई गोल थपेपछि पाराग्वे झन् ३-० ले अघि बढ्यो। तीन गोलले पछि पर्दासम्म जापानलाई खेलमा गाह्रो परिरहेको थियो। तर पाराग्वेका लुइस ओजेडाले २१ औं मिनेटमा आत्मघाती गोल गरिदिएपछि भने जापान खेलमा फर्कन सफल भयो।

आत्मघाती गोल उपहार पाएको जापानले खेलमा यति हौसिएर खेल्यो कि खेल उल्टाउँदै नतिजा आफ्नो पक्षमा ल्याउन सफल भयो। बीचमा २७ औं मिनेटमा पाराग्वेका पेड्रो मोरनले एक गोल थपेपनि जापानलाई केहि फरक परेन। बरु जापानका टाकुया अकागुमा र शुसैया मौचीले ह्याट्रिक गरिदिए।

यामौचीले गरेको ह्याट्रिकमध्ये दोस्रो गोल ३३ औं मिनेटमा पेनाल्टीमार्फत गरेका थिए। जीतसँगै स्पष्ट तीनअंक बटुल्न सफल जापान समुह ए को शिर्षास्थानमा उक्लिएको छ। समुद्री तट फुटबलमा पाराग्वेभन्दा जापान नै सफल छ। २००५ को पहिलो संस्करणमा चौथो स्थान हाँसिल गरेको जापानले त्यसपछि २०१९ को गत संस्करणमा पनि चौथो स्थान नै हाँसिल गरेको थियो। दुईपटक चौथो स्थान हाँसिल गर्नु नै जापानको बिच् सकर फुटबलमा अहिलेसम्मको ठुलो सफलता हो। पाराग्वे भने अहिलेसम्म बीच् सकर वर्ल्ड कपको सेमिफाइनलसम्म पुग्न सकेको छैन। तर पाराग्वेले २०१९ को गत संस्करणको प्रतियोगिताको आयोजना भने गरेको थियो।

हारपछि अंकविहिन पाराग्वे समुह ए को पुछारमा पुगेको छ। जापान र पाराग्वेको खेलअघि यूएई र ताहिटीको खेल भएको थियो।

निर्धारित समय ३-३ को बराबरी खेलेपछि अतिरिक्त समयमा एक गोल थप्दै यूएई ४-३ को जीत रच्न सफल भयो। अतिरिक्त समयको अन्तिममा अहमद बेसरले गोल गरेर यूएईलाई जीत दिलाए। यस प्रकारको प्रतियोगितामा निर्धारित समयपछि इन्ज्यूरी समय नभएर सोझै तीन मिनेटको मात्र अतिरिक्त समय थप हुने गर्दछ। त्यसपछि पेनाल्टी शुटआउटमा जाने नियम छ। तर पेनाल्टी शुटआउटमा जानुअघि नै यूएई जीत हातपार्न सफल भयो। अतिरिक्त समयमा जीत निकालेको हुनाले यूएईले स्पष्ट तीनअंक भने पाउन सकेन। बिच् सकरको नियम अनुसार यूएई दुई अंक पाउँदै समुह बी को शिर्षास्थानमा पुगेको छ। अष्ट्रेलियाको छेउ अर्थात ओसेनिया क्षेत्रको ताहिटी भने हारपश्चात समुहको पुछारमा पुगेको छ। अचम्मको कुरा त बिच् सकरमा यूएईभन्दा ताहिटीको राम्रो ईतिहाँस छ।

यूएई समुह चरणमा नै सीमित हुँदै आएको छभने ताहिटी दुईपटकको उपविजेता, एकपटकको चौथो र एकपटक आयोजक भएको टोली हो। यद्यपि समुह चरणको पहिलो खेल हारेपनि ताहिटीसँग अझै दुई खेल बाँकी छ। अब बाँकी रहेका खेलमा राम्रो प्रदर्शन गर्न सकेमा ताहिटीको समुह चरण पार गर्ने सम्भावन अझै कायमै छ। बीच सकरको ईतिहाँसमा सबैभन्दा सफल टोली ब्राजिल हो। ब्राजिलले सर्वाधिक पाँचपटक उपाधि जितिसकेको छ। त्यसपछि पोर्चुगल र रुसको दुईदुईपटक उपाधि जितेको ईतिहाँस छ।







यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ। स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४





माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट